कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४१
दर्ता मिति: २०८३।०५।३१

# हराएका, चोरी भएका तथा रद्द भएका राहदानीको विवरण इन्टरपोलमा अद्यावधिक गर्ने सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना:** हराएका, चोरी भएका वा रद्द भएका राहदानीको स्थिति सम्बन्धी सूचना समयमै सरोकारवाला अन्तराष्ट्रिय निकायसँग आदानप्रदान गरी नेपाल सरकारले जारी गरेको राहदानीको दुरूपयोगलाई रोक्न अन्तराष्ट्रिय नागिरक उड्डयन सङ्गठन (आइकाओ) को एनेक्स ९ अन्तर्गत इन्टरपोलको चोरी तथा हराएका यात्रा अनुमतिपत्र डाटाबेस (एसएलटिडि) मा विवरण अद्यावधिक गराउने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

राहदानी ऐन, २०७६ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "हराएका, चोरी भएका तथा रद्द भएका राहदानीको विवरण इन्टरपोलमा अद्यावधिक गर्ने सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इन्टरपोल" भन्नाले अन्तराष्ट्रिय आपराधिक प्रहरी संगठन सम्झनु पर्छ।

(ख) "एसएलटिडि" भन्नाले चोरी तथा हराएका यात्रा अनुमतिपत्र सम्बन्धी कागजात सम्झनु पर्छ।

(ग) "ऐन" राहदानी ऐन, २०७६ सम्झनु पर्छ।

(घ) "नियोग" भन्नाले विदेशस्थित नेपाली नियोग सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ।

(च) "राहदानी जारी गर्ने निकाय" भन्नाले राहदानी विभाग, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय र विदेशस्थित नेपाली नियोग सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले राहदानी जारी गर्ने निकाय भनी तोकिएका निकाय समेतलाई जनाउँछ।

(छ) "विभाग" भन्नाले राहदानी विभाग सम्झनु पर्छ।

## परिच्छेद -२
## अद्यावधिक गर्ने प्रक्रिया सम्बन्धी

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

सचिव

परराष्ट्र मन्त्री

३. <u>राहदानी हराएको, चोरी भएको वा रद्द भएको जानकारी गराउनु पर्ने</u> : (१) ऐनको दफा १४ को खण्ड (घ) बमोजिम राहदानी हराएमा वा नासिएमा वा दफा १७ बमोजिम जारी भएको यात्रा अनुमतिपत्र हराएमा वा चोरी भएमा वाहक वा निजको वारेसले लिखित रूपमा राहदानी विभागमा सोको जानकारी गराउनु पर्नेछ।

(२) तर वाहक विदेशमा भए निज वा निजको वारेशले नजिकको नेपाली नियोगमा जानकारी गराउनु पर्नेछ।

४. <u>विवरण अध्यावधिक गर्नुपर्ने</u> : दफा (३) बमोजिम राहदानी हराएको वा चोरी भएको जानकारी प्राप्त भएमा सोको विवरण विभागले राख्नु पर्नेछ।

५. <u>एसएलटिडि डाटाबेसमा प्रविष्टि, अद्यावधिक गर्ने प्रक्रिया</u> : राहदानी हराएको वा चोरी भएको जानकारी प्राप्त भएपछि सम्बन्धित कर्मचारीले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) राहदानी हराएको वा चोरी भएको सूचना प्राप्त भएपछि आवेदकको राहदानी नम्बर तथा उपलब्ध अन्य विवरण प्रणालीमा खोजी गर्ने,

(ख) आवेदकको परिचय तथा राहदानी विवरण प्रमाणीकरण गर्ने,

(ग) राहदानीको हालको वास्तविक अवस्था जाँच गर्ने,

(घ) सम्बन्धित राहदानीलाई राहदानी प्रणालीको हराएको "लस्ट" वा चोरी भएको "स्टोलन" अवस्थामा राख्ने,

(ङ) आवेदकलाई हराएको वा चोरी भएको राहदानी प्रयोग नगर्न जानकारी गराउने,

(च) राहदानीको प्रयोग रोक्न आवश्यक प्रणालीगत नियन्त्रण गर्ने,

(छ) एसएलटिडिमा प्रतिवेदनका लागि आवश्यक विवरण तयार गर्ने,

(ज) खण्ड (छ) बमोजिमको विवरण चौबिस घण्टाभित्र सम्बन्धित कर्मचारी वा नेपाल प्रहरीको इन्टरपोल राष्ट्रिय कार्यालय (एनसिबी), काठमाण्डौमा प्रेषित गर्ने।

## <u>परिच्छेद -३</u>

## <u>विभाग तथा नियोगको भूमिका सम्बन्धी</u>

६. <u>राहदानी विभागको भूमिका</u> : हराएका, चोरी भएका वा रद्द भएका राहदानी वा यात्रा अनुमतिपत्रको विवरण इन्टरपोलको एसएलटिडि डाटाबेसमा प्रविष्टि, अद्यावधिक तथा व्यवस्थापनमा विभागको भूमिका देहाय बमोजिम हुनेछः-

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

सचिव

परराष्ट्र मन्त्री

(क) एसएलटिडि डाटाबेस सम्बन्धी काम गर्न निश्चित व्यक्ति तोकी समन्वय प्रणाली स्थापना गर्ने;

(ख) राहदानीको हराएको चोरी भएको वा रद्द गरिएको विवरण सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने;

(ग) एसएलटिडि डाटाबेसमा विवरण पठाउने र सोको अद्यावधिक विवरण तयार गर्ने;

(घ) नेपाल प्रहरी, नेपाल प्रहरीको इन्टरपोल राष्ट्रिय कार्यालय सँग समन्वय गर्ने;

(ङ) सम्बन्धित अधिकारीलाई एसएलटिडि तथा तथ्याङ्क सुरक्षा सम्बन्धी तालिम दिने;

(च) एसएलटिडिमा पठाइएको विवरणको प्रतिवेदन तयार गर्ने।

७. <u>विदेशस्थित नेपाली नियोगको भूमिका</u> : हराएका, चोरी भएका वा रद्द भएका राहदानीको विवरण इन्टरपोलको एसएलटिडि डाटाबेसमा प्रविष्टि, अद्यावधिक तथा व्यवस्थापनमा विदेशस्थित नेपाली नियोगको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विदेशमा राहदानी हराएको वा चोरी भएको सूचना प्राप्त भएपछि सम्बन्धित राहदानीको विवरण प्रमाणीकरण गर्ने;

(ख) खण्ड (क) बमोजिमको विवरण तत्काल विभागलाई पठाउने;

(ग) आवेदकलाई हराएको वा चोरी भएको राहदानी पुनः फेला परे पश्चात विभाग वा नियोगको जानकारी बिना पुनः यात्रा प्रयोजनमा प्रयोग गर्न नमिल्ने जानकारी गराउने।

## <u>परिच्छेद -४</u>

## <u>विविध</u>

८. <u>एसएलटिडि प्रतिवेदनको समयसीमा</u> : एसएलटिडिमा प्रविष्ट गर्ने समय सीमा देहाय बमोजिम हुनेछः-

(क) हराएको, चोरी भएको वा रद्द गरिएको राहदानीको आधिकारिक जानकारी प्राप्त भएको २४ घण्टाभित्र एसएलटिडिमा विवरण अद्यावधिक गर्नु पर्नेछ।

(ख) आतंकवाद, संगठित अपराध, मानव बेचबिखन, अवैध अन्तर्राष्ट्रिय यात्रा वा अन्य दुरुपयोगको तत्काल जोखिम देखिएका विवरणलाई

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

सचिव

प्राथमिकताका साथ एसएलटिडिमा जतिसक्दो चाँडो प्रविष्ट गर्नु पर्नेछ।

९. **<u>एसएलटिडिमा उपलब्ध गराइने विवरण</u>** : एसएलटिडिमा उपलब्ध गराइने विवरण देहाय बमोजिम हुनेछः-

(क) राहदानी वा यात्रा अनुमतिपत्र

(ख) राहदानी वा यात्रा अनुमतिपत्र नम्बर

(ग) राहदानी वा यात्रा अनुमतिपत्र जारी मिति

(घ) राहदानी वा यात्रा अनुमतिपत्रको अवधि सकिने मिति

(ङ) राहदानी वा यात्रा अनुमतिपत्र हराएको, चोरी वा रद्द भएको मिति

(च) राहदानी वा यात्रा अनुमतिपत्र हराएको वा चोरी भएको सम्भाव्य स्थान

(छ) हराएको वा चोरी भएको राहदानी वा यात्रा अनुमतिपत्र सम्बन्धी उपलब्ध भएका अन्य विवरण।

१०. बाधा अड्काउ फुकाउ : यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले सो सम्बन्धमा बाधा अड्काउ फुकाउन सक्नेछ।

११. संसोधन : मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन गर्न सक्नेछ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

सचिव

परराष्ट्र मन्त्री